websiter सूचना पाटी मा

विगो नं.-४/८

## तेह्रथुम जिल्ला अदालत

## दोस्रो पटक लिलाम वढावढको सुचना

वादी जिल्ला धादिङ्ग साविक जिवनपुर गा.वि.स. वडा नं. ९ हाल परिवर्तित ऐ. जिल्ला धुनिवेशी न.पा. वडा नं. ५ बस्ने मेलिना भुजेल प्रतिवादी जिल्ला तेह्रथुम साविक सोल्मा गा.वि.स. वडा नं. ६ हाल परिवर्तित ऐ. जिल्ला लालिगुराँस न.पा. वडा नं. ९ बस्ने सोम बहादुर लिम्बू भएको वैंकिङ्ग कसूरको विगो मुद्दामा उच्च अदालत पाटनको मिति २०७७/१०/०९ गतेको फैसला बमोजिम वादीले प्रतिवादीवाट भरिपाउने ठहरेको जम्मा विगो रु.२५,००,०००/- (पच्चीस लाख रुपैयाँ मात्र) प्रतिवादीले वादीलाई नबुझाएको र सो रकम अदालतमा दाखिल गर्न समेत नल्याएको हुँदा बादीले फैसला अनुसार प्रतिबादीबाट भरि पाउने बिगो प्रतिवादी सोम बहादुर लिम्बूका बाबु कनक सिंह लिम्बूका नाममा रहेको तपशिलमा उल्लेखित सम्पतिवाट असुल उपर गरि पाऊ भनि दरखास्त परी कारवाही भई प्रतिवादीको उक्त सम्पती २०७९/६/५ गते यस अदालतमा दोस्रो पटकको डाँक लिलाम हुने भएकोले डाँक बढाबढ गरी डाँक लिलाम सकार गर्न चाहने सर्वसाधारण सबैको जानकारीको निमित्त यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

१. यस अदालतको तहसिल शाखामा मिति २०७९/६/५ गते दिनको ११ बजेदेखि २ बजेसम्म डाँक लिलाम हुने भएकोले उक्त डाँक लिलाममा उपस्थित भई बोलकवोल गर्न सकिनेछ।
२. डाँक लिलाम गर्न तोकिएको दिन सार्वजनिक विदा परे सोको भोलिपल्ट डाँक लिलाम हुनेछ।
३. कायम भएको न्यूनतम पञ्चकृति मूल्यबाट डाँक बढाबढ गर्नुपर्नेछ ।
४. डाँक लिलामको बखत बोलकवोल गरेको अंकको १० प्रतिशतले हुन आउने रकम सोही दिन दाखिल गर्नुपर्नेछ ।वाँकी बोलकवोल रकम डाँक लिलाम भएको मितिले सात दिनभित्र दाखिल गर्नुपर्नेछ । त्यसरी सात दिनभित्र बाँकी रकम दाखिला नगरे डाँक लिलाम भएको दिन दाखिल भएको १० प्रतिशत रकम जफत गरी पुनः डाँक लिलामको सूचना प्रकाशित गरिनेछ ।
५. डाँक लिलाम बढाबढ हुँदा सबैभन्दा बढी अंक बोलकबोल गर्नेलाई डाँक सकार गराइनेछ।
६. डाँक लिलाम सम्बन्धमा बुझ्नुपर्ने भए यस अदालतको तहसिल शाखामा सम्पर्क राख्नु होला।
७. **डाँक लिलाम हुने सम्पत्तिको विवरण**

| सि.नं. | जग्गाधनीको नामथर | गा.वि.स./न.पा. | कि नं | क्षेत्रफल | लिलाम हुने क्षेत्रफल | डाँक बोल्नुपर्ने न्यूनतम अंक | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | कनक सिंह लिम्बू | सोल्मा-६ | २१७ | ३-०-३-० | सम्पूर्ण जग्गाको आधा | पञ्चकृति मूल्याङ्कन बमोजिम | प्रतिवादी सोम प्रसाद लिम्बुको अंशभाग (२ भागको १ भाग) मात्र लिलाम हुने। |
| २ | कनक सिंह लिम्बू | सोल्मा-६ | २१८ | २-१२-३-० | | | |
| ३ | कनक सिंह लिम्बू | सोल्मा-६ | ७९२ | ४-१-२-० | | | |
| ४ | कनक सिंह लिम्बू | सोल्मा-६ | कि.नं. २१८ मा रहेका दुइवटा घरहरुमध्ये १ घर र कि.नं. २१७ मा रहेको कच्ची घरको आधा भाग लिलाम हुने | | | | |

**सूचना टाँस हुने**

- जिल्ला प्रशासन कार्यालय तेह्रथुम
- कोष तथा लेखा नियन्त्रकको कार्यालय तेह्रथुम
- मालपोत कार्यालय तेह्रथुम
- नापी कार्यालय तेह्रथुम
- लालिगुराँस नगरपालिका वडा नं. ८ को कार्यालय
- साविक सोल्मा गा.वि.स. वडा नं. ६ को कि.न. २१७ समेतको जग्गा
- अदालतको सूचना पाटी

इती संम्बत २०७९ साल भाद्र ७ गते रोज ३ शुभम.................................

२०७९।५।१८

तेह्रथुम जिल्ला अदालत म्याङलुङ स्था : २०१७